अनसुची २

(निर्देशिकाको दफा ७ को उपदफा (४) संग सम्बन्धीत)

## एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७७ लाई पुर्णतः पालना गर्नुपर्ने,

२. आफ्नो पेशागत भुमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाका मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीका परिवारलाई संधै सम्मान पुर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५. आफैले लिएका निर्णयहरूमा आफनै व्यक्तिगत रूपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६. आफनो पेशागत दक्षता सुधार गर्दै लैजानुको साथ आफैमा भएका पेशागत दक्षता आफनो क्षेत्रका अरूलाई पनि सिकाउनु पर्ने,

७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसका बारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८. बिरामीलाई बिच बाटोमा अलपत्र हुने गरी छाडन् नहुने,

९. आफनो कामको सिलसिलामा पाएको कुनै पनि सुचना गोप्य राख्नुपर्ने तथा विरामीहरूबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सुचना बारेमा जानकारी दिन सक्ने,

१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुर्‍याउने पर्ने,

११. आफुले उचित देखेका बिरमीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रो पक्षहरूको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरू ओसार पसार नगर्ने । प्रचलित कानुनको पालना गर्नुपर्ने र त्यस्तो गरेमा नेपाल सरकारको ऐन नियम अनुसार स्वंय सजायको भाग्यदारी हुनेछ ।

म.........................................ठेगाना...................... ना.प्र.प.नं..............................जारी मिति............................. जिल्ला, डाइभि□ लाइसेन्स नं.................................. जारी मिति ................................ ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । डोल्पा जिल्ला मुड्केचुला गाउपालिकाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रूपमा पालना गर्न सहमति जनाई सही छाप गरेको छु ।

**चालकको:**

**दस्तखत :**

**नाम :**

**मिति :**

**फोन नं**

**रोहबरमा प्रमाणित गर्ने व्यक्तिको:**

**दस्तखत:**

**नाम :**

**पद :**

**कार्यालयको छाप**